# नेपालमा राजनीतिक सम्झौता प्रक्रियाका अनुभवहरू

*हरि रोका,* राजनीतिक टिप्पणीकार

यो लेखमा २०४६ सालमा राजनीतिक पार्टीहरू र राजाबीच भएका सम्झौता प्रक्रिया तथा विगतमा नेकपा माओवादीसँग भएका दुईओटा असफल वार्ता प्रक्रियाबारे चर्चा गरिएको छ। जनआन्दोलनका क्रममा २०४६ सालको वार्ता प्रक्रिया कसरी र किन एउटा टुङ्गोमा पुग्न सक्यो तर माओवादीसँग भएका दुईओटा वार्ताहरू किन असफल भए भन्ने मूल प्रश्नमाथि यो लेख केन्द्रित छ। यसमा उक्त दुवैखाले सम्झौता वार्तामा संलग्न विभिन्न राजनीतिक पक्षहरू, उनीहरूका घोषित-अघोषित अडानहरू तथा वास्तविक लक्ष्यहरूबारे छोटकरीमा चर्चा गरिएको छ।

## १. वि.सं. २०४६ को जनआन्दोलन र सम्झौता वार्ताहरू

### *१.१. आन्दोलनको पृष्ठभूमि*

२०१७ साल पुस १ गते राजा महेन्द्रले निर्वाचित सरकारलाई बर्खास्त गरेर सत्ता आफ्नो हातमा लिएपछि २०४६ सालसम्म नेपालमा सक्रिय राजसंस्थाको अधीनमा पञ्चायती व्यवस्था चल्यो। शीतयुद्ध, चीन-भारत सम्बन्ध, बहुपक्षीय र द्विपक्षीय दाता राष्ट्रहरू यो व्यवस्थालाई टिकाउन परोक्ष या प्रत्यक्षरूपमा सहयोगी हुनपुगे।

वि.सं. २०१७ को फौजी 'कू' पछि राजनीतिक पार्टीहरूले विभिन्न सङ्घर्षहरू गरे । वि.सं. २०१८ तथा २०२९/३० सालमा नेपाली काङ्ग्रेसले सञ्चालन गरेको सशस्त्र सङ्घर्ष, २०२८/२९ सालमा नेकपा (माले) ले सुरु गरेको सशस्त्र विद्रोह, २०३५/३६ को विद्यार्थी आन्दोलन, २०४२ सालमा पाँच वामपन्थी दलहरू तथा नेपाली काङ्ग्रेसले सञ्चालन गरेको आन्दोलन र सत्याग्रह प्रमुख थिए तर २०४६ सालको जनआन्दोलनमात्र परिणाममुखी हुनगयो ।

### *१.२. आन्दोलनमा संलग्न राजनीतिक शक्तिहरू*

२०४६ साल माघ ५ गते सुरु भएको तत्कालीन व्यवस्थामा प्रतिबन्धित नेपाली काङ्ग्रेसको राष्ट्रिय सम्मेलनले पञ्चायती व्यवस्थाको विरुद्ध सङ्घर्ष गर्ने निर्णय गऱ्यो । त्यसको साथै यसले पञ्चायती व्यवस्था विरुद्ध एक्लाएक्लै लडिरहेका वामपन्थी समूहहरूलाई एकीकृत भएर आन्दोलनमा सम्मिलित हुन आह्वान गऱ्यो । तर सबै वामपन्थी समूहहरू संयुक्त वाममोर्चामा एकीकृत भएनन् । (१) समानान्तर सङ्घर्षका लागि डा. बाबुराम भट्टराईको अगुवाईमा संयुक्त राष्ट्रिय जनआन्दोलन संयोजन समिति बनाइयो । संयुक्त वाममोर्चामा नअटेका अन्य वामपन्थी समूहहरू उक्त समितिमा एकीकृत हुनपुगे ।(२) नेपाली काङ्ग्रेस र संयुक्त वाममोर्चाबीच कार्यगत एकता भएपछि आन्दोलन परिचालनका लागि संयुक्त जनआन्दोलन समिति बनाइयो । त्यसैगरी संयुक्त राष्ट्रिय जनआन्दोलन संयोजन समितिसँग आन्दोलन परिचालनका लागि कार्यक्रमगत समन्वय पनि गरियो ।(३) २०४६ साल फागुन ७ गते ऐतिहासिक दिनमा जनआन्दोलन सुरु भयो । ५० दिन लामो आन्दोलनमा विभिन्न उतारचढाव देखिए । ४५ जना प्रदर्शनकारीहरूले सहादत प्राप्त गरे । सयौं व्यक्तिहरू घाइते भए । २०४६ साल चैत्र २६ गते राजाले दलहरूमाथिको प्रतिबन्ध फुकुवा गरेपछि आन्दोलनको स्वरूप फेरियो ।

## १.३. आन्दोलनका मुद्दाहरू

जनआन्दोलनले क्रान्तिको रूप लिने स्थिति देखापर्न थालिसकेको थियो। उपत्यकाका तीनै सहर काठमाडौं, पाटन, भक्तपुरका लाखौं जनसाधारण आन्दोलनमा होमिँदै गएका थिए। जनआन्दोलनको ज्वाला अन्य जिल्लाहरूमा पनि फैलँदै थियो। किसान र महिलाहरू आफ्नो भान्सा र खेतमा काम गर्ने औजारसहित सडकमा आउन थालेका थिए। आन्दोलनले राजसंस्थालाई नै बढार्न सक्ने स्थितिको पूर्वाभास भएपछि राजाले चैत २४ गते राति मरिचमान सिंहको मन्त्रीमण्डल भङ्गगरी लोकेन्द्रबहादुर चन्दको प्रधानमन्त्रीत्वमा अर्को मन्त्रीमण्डल गठन गरे। जनआन्दोलनलाई ठण्डा बनाई आन्दोलनकारीहरूलाई समेट्नु त्यो मन्त्रीमण्डलको मूल उद्देश्य थियो। तर आन्दोलनकारीहरूका आ-आफ्ना जे-जस्ता एजेन्डाहरू भए तापनि आन्दोलनको मूल उद्देश्य राजनीतिक दलमाथिको प्रतिबन्ध फुकुवा गर्नु, पञ्चायती व्यवस्थाको खारेजी गर्नु र सार्वभौमसत्ता राजाबाट जनतामा हस्तान्तरणका लागि नयाँ संविधान मस्यौदा समितिको निर्माण गर्नुथियो।

सङ्घर्षको आह्वान गर्ने दलहरूमध्ये नेपाली काङ्ग्रेस तथा वाममोर्चाका आ-आफ्ना छुट्टै माग र आदर्शहरू थिए भने संयुक्त जनआन्दोलन संयोजन समितिमा आवद्ध पुरातन कम्युनिस्टहरू निरन्तर क्रान्तिको पक्षमा थिए। यस अवस्थामा राजसंस्था सहितका चारथरी शक्तिहरू राजनीतिक समझदारीका लागि साझा एजेन्डामा आइपुग्न निकै अप्ठयारो थियो। तर जनआधारका हिसाबले संयुक्त जनआन्दोलन संयोजन समिति अरूको तुलनामा निकै कमजोर थियो।

राजा पञ्चायती व्यवस्थाभित्रै राजनीतिक सुधार गरेर आफ्नो प्रभुत्व कायम राख्न चाहन्थे। नेपाली काङ्ग्रेसको मूल सरोकार राजनीतिक

दलहरू माथिको प्रतिबन्ध फुकुवा गर्नुथियो । वाममोर्चा पञ्चायती व्यवस्थाको खारेजी र बहुदलीय व्यवस्थाको स्थापना चाहन्थ्यो । समानान्तर आन्दोलनको अलगधारको प्रतिनिधित्व गरिरहेको संयुक्त राष्ट्रिय जनआन्दोलन संयोजन समिति आमूल परिवर्तनको अमूर्त नारा बोकेर आन्दोलित थियो । आन्दोलनको मूलधारमा नेपाली काङ्ग्रेस र संयुक्त वाममोर्चा देखिन्थे र राजासँग वार्ताको टेबुलमा पनि नेपाली काङ्ग्रेस र वाममोर्चाका प्रतिनिधिहरू नै बसे ।

## *१.४. सम्झौताका पहलहरू*

लोकेन्द्रबहादुर चन्दको नेतृत्वमा मन्त्रिमण्डल गठन भएपछि स्वतन्त्र वामपन्थी नेता पद्मरत्न तुलाधर र स्वतन्त्र प्रजातन्त्रवादी व्यक्तित्व देवेन्द्रराज पाण्डेलाई जेलबाट निकालेर वार्ताका लागि पहल गरिदिन तत्कालीन प्रधानमन्त्रीले अनुरोध गरे । मन्त्रीपरिषद्ले गरेको त्यो आग्रहलाई दुवै मध्यस्थकर्ताहरूले स्वीकार गरे । ७ अप्रिलका दिन पाण्डेले गणेशमान सिंह र पद्मरत्न तुलाधरले वाममोर्चाका नेताहरूबीच कुरा लगे । तर वाममोर्चा र नेपाली काङ्ग्रेसले त्यसलाई स्वीकार गरेनन् ।

राजा आफ्नो मातहतको व्यवस्थामा सुधार चाहन्थे । त्यसैले लोकेन्द्रबहादुर चन्दकै पहलमा वार्ता होस् र आन्दोलनरत संयुक्त वाममोर्चा र नेपाली काङ्ग्रेस चन्द मन्त्रिपरिषद्मै सामेल होउन् भन्ने उनको चाहना थियो । नेपाली काङ्ग्रेसको न्यूनतम सर्त दलहरू माथिको प्रतिबन्ध फुकुवा होस् भन्ने थियो । काङ्ग्रेस आन्दोलनले तेज गति लिएर गयो भने राजाले 'मार्सल ल' लाउन सक्लान् भनेर एकातर्फ चिन्तित थियो भने अर्कोतर्फ आन्दोलनले गति लिँदा आन्दोलनका मागहरू बढ्दै गएर आफ्नो पकडभन्दा बाहिर जाने खतरा पनि देखिरहेको थियो । तथापि उसले संयुक्त वाममोर्चाले अगाडि सारेको न्युनतम माग, पञ्चायती

शासन व्यवस्थाको समूल अन्त र बहुदलीय व्यवस्थाको पुनर्स्थापनामा समर्थन जनाइसकेको थियो । वाममोर्चाभित्र चाहिँ त्यो माग न्यूनतम सहमतिको बुँदा थियो ।

वाममोर्चाभित्र काङ्ग्रेसले आफूलाई अविश्वास गरेर भित्रभित्रै वार्ता गरिरहेको त छैन भन्ने आशङ्का व्याप्त हुन लागेको थियो । काङ्ग्रेसमा चाहिँ वाममोर्चाले आन्दोलनलाई भड्काउने त हैन भन्ने आशङ्का बढ्दै थियो । नेपाली काङ्ग्रेस राजाले दलहरू माथिको प्रतिबन्ध फुकुवा गरिदिए आन्दोलन छोड्ने वा वाममोर्चासँग सुरुमा गरिएको सम्झौताअनुसार पूर्णरूपमा पञ्चायतको अन्त र बहुदलीय व्यवस्थाको पुनर्स्थापना नभएसम्म आन्दोलनलाई निरन्तरता दिने भन्नेकुरा निर्णय गर्न नसकी दोधारमा थियो । ८ अप्रिलको बिहान वाममोर्चा र काङ्ग्रेसका शीर्षस्थ नेताहरूको बैठकमा आन्दोलनको उपलब्धिलाई लिएर नेपाली काङ्ग्रेसका कार्यवाहक अध्यक्ष कृष्णप्रसाद भट्टराई र वाममोर्चाका राधाकृष्ण मैनाली बीच निकै चर्को वादविवाद भएको थियो । त्यसबेला गणेशमान सिंहले वाममोर्चाका मागहरूको औचित्य रहेको कुरा बताएर आन्दोलनकारीहरू बीचको असमझदारीलाई हटाउनु भएको थियो ।

आन्दोलनकारीहरूसँग वार्ताको लागि पहल गर्न पाण्डे र तुलाधर संलग्न थिए भने अर्कोतर्फ मन्त्रीहरूमध्ये अच्युतराज रेग्मी नेपाली काङ्ग्रेससँग र पशुपति समशेर जबरा वाममोर्चासँग कुराकानी गर्न खटाइएका थिए । तर नेपाली काङ्ग्रेस र वाममोर्चाका नेताहरूले सरकारसँग नभै श्री ५ सँग मात्र वार्ता गर्ने बताएपछि चन्दको मन्त्रीपरिषद् राजा र आन्दोलनरत नेताहरूको वार्ताको तयारीमा जुट्यो ।

सन् १९९० अप्रिल ८ का दिन राजासँग भएको प्रत्यक्ष वार्तामा

बहुदलवादी नेताहरूले आफ्ना मागहरू राखेका थिए ।(४) तर राति ११:५ बजे नेपाली जनताको चाहना र तत्कालीन अन्तर्राष्ट्रिय वातावरणलाई ध्यानमा राख्दै नेपाली समाजमा रहेका भिन्नभिन्न राजनीतिक विचारहरूलाई प्रतिबिम्बित हुने गरी नेपालको संविधान २०१९ बाट निर्दलीय शब्द हटाई राजाबाट राजनीतिक दलहरू माथिको प्रतिबन्ध फुकुवा गरेर संविधान सुधार सुझाव आयोगको गठन गरिएको भन्ने समाचार सम्प्रेषण गरियो ।

उक्त समाचारबाट दलहरू माथिको प्रतिबन्ध फुकुवा भएको प्रष्ट अर्थ लाग्थ्यो । तर वि.सं. २०१९ को संविधानलाई कायमै राख्न संविधान सुधार सुझाव आयोग गठन गर्ने, निर्दलीयताको सट्टा बहुदललाई स्वीकार गर्ने कुराले पञ्चायती व्यवस्था खारेज गरी बहुदलीय व्यवस्थाको पुनर्स्थापना भएको र नयाँ संविधान बन्ने कुराको भने अर्थ लाग्थेन । यथार्थमा नेपाली काङ्ग्रेसका नेतात्रयद्वारा सहमति जनाइएको दलहरू माथिको प्रतिबन्धलाई मात्र फुकुवा गरिएको राजाको घोषणामा अभिव्यक्त भएको थियो । त्यस बेलाको राजनीतिक सहमतिमा संयुक्त वाममोर्चाको अडानको सुनवाई भएको थिएन भन्नेकुरा प्रष्ट देखिन्थ्यो । वार्तामा गएका राधाकृष्ण मैनाली र साहना प्रधानले यस प्रकारको सहमति गरेकोमा वाममोर्चाभित्र उनीहरूको चर्को आलोचना भैरहेको थियो भने संयुक्त राष्ट्रिय जनआन्दोलन संयोजन समितिले पञ्चायत फ्याँक्ने आन्दोलन भनेर बीचमै सम्झौता गरी जनतालाई धोका दिएको घोषणा गरेको थियो ।

### *१.५. सम्झौताका विवादित क्षेत्रहरू र वार्तामा संलग्न पक्षहरूको भूमिका*

९ अप्रिलका दिन आमजनता सडकमा निस्किएर बहुदल प्राप्त भएकोमा खुसीयाली मनाए । तर सम्झौतामा उल्लेख भएका कुराहरूले गर्दा

आम जनमानसमा आन्दोलनले सफलता प्राप्त गरेको कुरामा शङ्का थियो । जनसाधारणको दबाब र आन्दोलित वातावरणले गर्दा ११ अप्रिलमा वाममोर्चा र काङ्ग्रेसको बैठक बस्यो । उक्त बैठकले ८ सूत्रीय माग अगाडि सार्‍यो र तिनलाई आन्दोलनकारीहरूका तर्फबाट गणेशमान सिंहले १३ अप्रिलमा उहाँ र राजाका बीचमा हुने भेटघाटमा प्रस्तुत गर्ने निर्णय भयो ।(५) गणेशमान सिंहले राजासँगको भेटमा ती मागहरू अगाडि सारेपछि राजाले 'यी त जनआन्दोलनका माग थिएनन्' भनेर प्रतिक्रिया दिए । तर सिंहले 'आन्दोलनले निर्धारित गरेका मागहरूभन्दा जनता धेरै अगाडि पुगेका छन्' भनेर बताउनु भएको थियो । राजाले भने यी ८ बुँदे मागका सन्दर्भमा चन्द सरकारसँग सहमति गर्न सुझाव दिएका थिए ।

१५ अप्रिलमा चन्द मन्त्रीपरिषद् र आन्दोलकारीहरूबीच पुनः छलफलका लागि राजकीय प्रज्ञा-प्रतिष्ठानमा बैठकको आयोजना गरियो । त्यसबेला दसौं हजार मानिसहरू बैठकस्थलमा भेला भएका थिए । लामो छलफलपछि ८ बुँदे माग मान्न राजा र राजाको सरकार तयार भयो । १४ घण्टा लामो उक्त बैठकमा पञ्चहरू अत्यन्त हतोत्साही अवस्थामा उपस्थित भएका थिए । त्यसो हुनुमा दुई कारण थिए । पहिलो, राजा र गणेशमान सिंहको बीचमा प्रधानमन्त्री चन्दकै अगाडि नयाँ सरकार गठनका लागि समझदारी बनिसकेको थियो । दोस्रो, पशुपति समशेर राणाका अनुसार राजा त्यसबेला आत्तिएका थिए । उनले सरकारलाई प्रष्ट विचारका साथ निर्देशन दिन सकिरहेका थिएनन् । सरकार आफैं पनि सङ्गठित थिएन र तत्कालीन परिस्थितिलाई कसरी नियन्त्रणमा लिने भनेर राजालाई उचित सल्लाह दिन सकिरहेको थिएन ।

१५ अप्रिलमा भएको सहमतिअनुसार १६ अप्रिलका दिन राजाले राष्ट्रिय पञ्चायत, पञ्चायत नीति तथा जाँचबुझ समिति तथा पञ्चायती वर्गीय सङ्गठनहरू भङ्ग गरेको घोषणा गरे र चन्द मन्त्रीपरिषद्को राजीनामा पनि स्वीकृत गरे । यसरी पञ्चायती व्यवस्था ढल्यो र गणेशमान सिंहको सिफारिसमा कृष्णप्रसाद भट्टराईको नेतृत्वमा राजा, काङ्ग्रेस र वाममोर्चाको संयुक्त अन्तरिम सरकार बन्यो ।

अन्तरिम सरकारको गठनपछि संविधान कस्तो बन्ने भन्ने प्रश्नमा धेरै खेलहरू भए । राजाले आफैं गोजीबाट संविधान दिने प्रयास गरेपछि थुप्रै विवादहरू जन्मिए । तर राजनीतिक शक्तिहरूको चातुर्यपूर्ण पहल र जनदबाबले नयाँ संविधान २०४७ जारी गर्न राजा बाध्य भए । तत्कालीन मन्त्री निलाम्बर आचार्यका अनुसार 'केही वर्षपछि त यो संविधान उडी हाल्ला' भनेर एकजना दरबारियाले आशा गरेका थिए । नयाँ संविधानमा दरबारियाहरूले धेरै गुमाएको महसुस गरिरहेका थिए । तत्कालीन नेकपा (माले) ले पनि २७ बुँदामा असहमति सहित २०४७ को संविधानमा आलोचनात्मक समर्थन गरेको थियो । अर्को पक्ष संयुक्त जनआन्दोलन संयोजन समितिले चाहिँ यसलाई एउटा कालो दस्तावेजको रूपमा लिएको थियो ।

वास्तवमा २०४७ सालको संविधान राजा, नेपाली काङ्ग्रेस र संयुक्त वाममोर्चा बीचको सहमतिको दस्तावेज थियो । तर त्यो सहमतिको दस्तावेजबाट सबैपक्ष (जनता, राजा र दलहरू) असन्तुष्ट थिए । आफूले पूर्खाको पौरख ठानेर कब्जा जमाउँदै आएको अधिकार खोसिएपछि राजा र घरानियाँ दरबारियाहरू निकै क्षुब्ध थिए । नयाँ संविधानअन्तर्गत रहेर जनचाहना अनुसारको आर्थिक-सामाजिक रूपान्तरण गर्न नसकिने र संविधानमा धर्म निरपेक्षताको सट्टा हिन्दू अधिराज्य उल्लेख गरिएकाले

आन्दोलनकारीहरू मध्येको वाममोर्चा असन्तुष्ट थियो । यो संविधानबाट कोही खुसी थियो भने नेपाली काङ्ग्रेस नै थियो किनभने काङ्ग्रेसले राजा र वामपन्थीहरूलाई साइजमा राखेर आफू सत्तामा रहिरहन सक्ने संविधान भेट्टाएको महसुस गरिरहेको थियो ।

## २. माओवादी जनयुद्ध र सम्झौता वार्ताहरू

### *२.१. जनयुद्धको पृष्ठभूमि*

२०४६ सालको जनआन्दोलनपछि राजा र दरबारिया शक्तिहरू आफूलाई निकै कमजोर पारिएको ठानिरहेका थिए । उनीहरूले कुनै पनि मौका आउनासाथ गुमेको अधिकार प्राप्त गर्ने आकाङ्क्षा पालिरहेका थिए । २०४८ सालको निर्वाचन परिणामले नेपाली काङ्ग्रेस २०१५ सालको निर्वाचनको तुलनामा कमजोर देखिएको थियो । त्यसबेला काङ्ग्रेसले प्रतिनिधि सभामा दुईतिहाई सिट जितेको थियो भने यसपटक साधारण बहुमतमात्र हासिल गरेको थियो । तर कम्युनिस्ट शक्तिले २०१५ साल (चार सिट) को तुलनामा ठूलो सफलता हासिल गऱ्यो । संयुक्त वाममोर्चाका घटकहरू मध्ये मनमोहन-साहनाले नेतृत्व गरेको नेकपा मार्क्सवादी र नेकपा (माले) बीच एकता भएर नेकपा (एमाले) बनेपछि २०४८ सालको चुनावमा एमाले एक्लैले ६९ सिट जितेर प्रमुख प्रतिपक्षको स्थान लियो । संयुक्त जनमोर्चाले नौ सिट जित्यो । नेपाल कम्युनिस्ट पार्टी (प्रजातन्त्रवादी)ले दुई सिट र नेपाल मजदुर किसान पार्टीले दुई सिट गरी २०५ सिटको प्रतिनिधि सभामा कम्युनिस्टहरूले ८२ सिट हात पारे । लोकप्रिय मतको ३६.०१ प्रतिशत वामपन्थीहरूले हासिल गर्न सफल भए । नेपाली काङ्ग्रेसले लोकप्रिय मतको ३७.७५ प्रतिशत प्राप्त गरेको थियो ।

२०४६ सालको जनआन्दोलनका बेला संयुक्त राष्ट्रिय जनआन्दोलन संयोजन समितिको मूल घटक नेकपा (मशाल) तथा सर्वहारावादी

श्रमिक सङ्गठन र संयुक्त वाममोर्चाको एक घटक नेकपा चौथो महाधिवेशनबीच एकता भएर नेकपा (एकता केन्द्र) गठन भयो । संयुक्त जनमोर्चा नेपाल यही भूमिगत कम्युनिस्ट समूहको खुला चुनावी मोर्चा थियो । एकता केन्द्र बनेको केही समयपछि डा. बाबुराम भट्टराईको नेतृत्वमा एउटा समूह नेकपा मसाल परित्याग गरी एकता केन्द्रमा समावेश हुन पुग्यो । जनमोर्चाको नाममा २०४८ सालको निर्वाचनमा कुल लोकप्रिय मत सङ्ख्याको ४.३५ प्रतिशत प्राप्त गरेर संसदको तेस्रो ठूलो दलको रूपमा स्थापित हुन पुगेको नेकपा (एकता केन्द्र) गठन भएको केही समयपछि नै अन्तर्द्वन्द्वमा फस्यो । प्रचण्डले नेतृत्व गरेको तत्कालीन मशाल पक्ष र निर्मल लामाले नेतृत्व गरेको चौथो महाधिवेशन पक्षबीच २०४८ सालको आम निर्वाचन उपयोग गर्ने कि बहिस्कार गरेर जनयुद्ध थाल्ने भन्ने विषयलाई लिएर गम्भीर मतभेद उत्पन्न भएको थियो । तथापि पार्टी एकतालाई जोगाई राख्न र संसदीय व्यवस्थाको भण्डाफोर गर्न चुनावलाई उपयोग गर्ने नीति लिइयो ।

नेकपा (एकता केन्द्र) भित्रको मुख्य घटक मशाल तथा मसालबाट विद्रोह गरी आएको समूह क्रान्तिकारी आमूल परिवर्तनको नाममा सशस्त्र सङ्घर्ष गरेर आएको माले (पछि एमाले) को राजनीतिक साङ्गठनिक सफलताको पृष्ठभूमिको उच्च मूल्याङ्कन गरी त्यस्तै सशस्त्र सङ्घर्षको थालनी गर्न चाहन्थ्यो । वामपन्थीहरूतर्फ जनसाधारणको आकर्षण, राजदरबार र दलहरूबीचको शक्तिको बाँडफाँडमा भएको मनमुटाव, सामाजिक आन्दोलनमा देखापरेको गतिरोध र आर्थिक सामाजिक रूपान्तरण नभएको तथा खुला लोकतान्त्रिक परिवेशका कारण उम्रँदै गरेका जनअसन्तुष्टी र प्रमुख प्रतिपक्षको रूपमा खडा भएको एमालेको उनीहरूको शब्दमा दक्षिणपन्थी रुझानले गर्दा

उनीहरूले सशस्त्र सङ्घर्ष सुरु गर्न परिस्थिति अनुकूल भएको मूल्याङ्कन २०४८ सालमा सम्पन्न महाधिवेशनमा गरेका थिए ।

त्यसैगरी २०४८ सालको आम निर्वाचनमा चुनाव लड्ने नीति लिएकोमा अन्तर्राष्ट्रिय क्रान्तिकारीहरूको छाता सङ्गठन रिमले एकता केन्द्रप्रति आपत्ति जनाएको थियो । पार्टी विभाजन भएपछि दुवै समूहले एकता केन्द्रकै नाममा गतिविधि गर्दै आइरहेका थिए । प्रचण्डको नेतृत्वमा रहेको समूह रिमसँग सम्बन्ध प्रगाढ बनाउने पक्षमा थियो र चुनाव बहिस्कार गर्नुपर्छ भन्ने मान्यता राख्थ्यो । २०५० सालमा रिमले माओवाद वा माओविचारधारा अख्तियार गर्ने भन्ने सन्दर्भमा जर्मनीमा आफ्ना सम्बद्ध सङ्गठनहरूको बृहत् सम्मेलन गऱ्यो । रिमको सम्मेलनले माओवादलाई नयाँ जनवादी क्रान्तिको मार्गदर्शनको रूपमा अवलम्बन गर्ने निर्णय लिएपछि प्रचण्डपक्षले पनि रिमको निर्णय अनुरूप २०५१ सालमा आफ्नो पार्टीको नाम नेकपा (माओवादी) राख्ने निर्णय गर्नुका साथै २०५१ सालको मध्यावधि निर्वाचन बहिष्कार गऱ्यो ।

ग्रामीण वर्गसङ्घर्षको नाममा जनयुद्धको तयारी गर्ने भनेर डा. बाबुराम भट्टराईको नेतृत्वमा रहेको संयुक्त जनमोर्चाले नेकपा एमालेको अल्पमतको सरकार रहेको अवस्थामा २०५१ साल पुष १७ गते श्री ५ को सरकार समक्ष राष्ट्रियता, जनतन्त्र र जनजीविकासँग सम्बन्धित ३८ सूत्रीय माग पेस गऱ्यो । नौ महिने शासनकालमा गरिएका केही लोकप्रिय कार्यक्रमहरू तथा सङ्गठित रूपमा पार्टीको परिचालनबाट एमालेको पकड सत्तामा रहुन्जेल आफ्नो प्रभाव जमाउन माओवादीलाई सजिलो थिएन । एमाले सरकारको अवसान र गठबन्धन युगको आगमनपछि भने उनीहरूको लागि राम्रो मौका खुल्यो । करिब एक वर्षपछि नेकपा माओवादीले २०५२ साल माघ २१ गते नेपाली काङ्ग्रेसको

नेतृत्वमा संयुक्त सरकार रहेका बखत थप दुईओटा माग समावेश गरी पुनः ४० सूत्रीय माग प्रधानमन्त्री समक्ष पेस गऱ्यो । वि.सं. २०५२ फागुन ५ गतेसम्ममा ती मागबारे कुनै सकारात्मक पहल नभए सशस्त्र सङ्घर्षमा उत्रने जानकारी गरायो । तर नेकपा माओवादीले जनमोर्चामार्फत् दिएको अल्टिमेटमको समय पूरा नहुँदै २०५२ साल फागुन १ गते 'प्रतिक्रियावादी राज्यसत्तालाई ध्वंश गर्दै नयाँ जनवादी सत्ताको स्थापना गर्न जनयुद्धको बाटोमा अगाडि बढौं' भन्ने नारा सहित अधिराज्यका आफ्ना सङ्गठन र प्रभाव रहेका जिल्लाहरूमा एकै दिन प्रचारबाजी एवम् हिंसात्मक घटनाहरू गराई जनयुद्धको घोषणा गऱ्यो ।

नेकपा (माओवादी) ले जनयुद्धको तयारी निकै अगाडिदेखि सुरु गरेको थियो । 'जनयुद्धको महान् प्रक्रियाको थालनीका लागि केही वर्षदेखि पार्टीले न्यूनतम आवश्यक तयारीको कामलाई विचारधारात्मक सङ्गठनात्मक, प्राविधिक एवम् सङ्घर्ष सम्बन्धी तयारीका रूपमा परिभाषित गरी तिनमा घनिभूत रूपले लाग्दै आएको थियो' प्रचण्डले मुल्याङ्कनको एक अन्तर्वार्तामा भनेका थिए ।

### *२.२ जनयुद्ध सम्बन्धी अन्यौलहरू*

सामन्त, दलाल पुँजीपति वर्गलाई समाप्त पार्ने अभियानमा अधिकांश पुराना तथा नयाँ काङ्ग्रेसी कार्यकर्ताहरू माओवादी जनयुद्धको शिकार हुन थालेपछि दरबारियाहरू आफू माओवादीको तारो नभएको एउटा सुखद भ्रममा बाँच्न पुगे । प्रचण्डको एउटा वक्तव्यमा भनिएको छ : 'त्यसमाथि पनि २०४६ सालको ऐतिहासिक जनआन्दोलनका उपलब्धिको रक्षा गर्दै आमूल परिवर्तनको दिशामा अघि बढ्न समेत नरसंहार, राष्ट्रघात र भ्रष्टाचारमा टिकेको काङ्ग्रेसी फासीवादका विरुद्ध अझै व्यापक,

संयुक्त र केन्द्रिकृत सङ्घर्षको आवश्यकता छ । त्यसका लागि काङ्ग्रेसइतर राजनीतिक समूहसँग कार्यगत एकता, तालमेल र वार्ताका प्रक्रियालाई अझै ठोस रूपमा अगाडि बढाउन जोडदिइएको छ ।'

डा. बाबुराम भट्टराईले जनादेशमा लेखेका छन् : 'एक्काइसौं शताब्दीमा प्रवेश गरेको विश्वमा साम्राज्यवाद र विस्तारवादलाई सु-सङ्गत र व्यवस्थित ढङ्गले जुधेर परास्त गर्ने क्षमता कम्युनिस्टहरूसँग मात्र हुन्छ भन्ने कुरालाई राजावादीहरूले झनै राम्रोसँग बुझ्नु जरुरी छ । बरु कम्युनिस्ट देशभक्तहरूलाई साथदिने राजा र राजावादीहरूमात्रै इतिहासमा खासगरी तेस्रो विश्वका सन्दर्भमा नयाँ ढङ्गले बाँचेको र टिकेको यथार्थ कम्बोडिया, लाओस, मङ्गोलिया आदि देशहरूका उदाहरणहरूले देखाएको कुरालाई बेलैमा स्मरण गर्नु उचित हुने छ । त्यसैले विदेशी दलालीको पर्याय बनेका गिरिजाप्रसाद र काङ्ग्रेसतिर होइन, साम्राज्यवाद र विशेषतः भारतीय विस्तारवादका विरुद्ध सङ्घर्ष गर्दै राष्ट्रियताको हमेसा अग्रपङ्क्तिमा रहँदै आएका कम्युनिस्टहरूतिर नै आफूलाई राष्ट्रवादी भन्ने राजा र राष्ट्रवादीहरूको स्वभाविक निकटता हुनुपर्ने हो कि ?'

माओवादीका शीर्षस्थ नेताद्वय प्रचण्ड र भट्टराईका यी भनाईहरूले नेकपा माओवादीद्वारा थालिएको जनयुद्धको तारो नेपाली काङ्ग्रेस थियो भन्ने प्रष्ट हुन्छ । सेनामाथि पकड रहेका राजाले माओवादी जनयुद्धलाई साथ दिएको खण्डमा उनको स्थायीत्वको ग्यारेन्टी गर्न सकिन्छ भन्ने सङ्केत माओवादीका नेताहरूले दिएका थिए । माओवादीद्वारा काङ्ग्रेसी कार्यकर्ताहरू मारिनु, अङ्गभङ्ग गरिनु, उनीहरूबाट भनेजति चन्दा लिनु र प्रहरीमाथिमात्र सुरुमा केन्द्रित रहनुले दरबारियाहरूले यो संसदीय व्यवस्थाका विरुद्धमात्र केन्द्रित युद्ध

हो भनेर बुझ्नु अनौठो थिएन ।

नेकपा माओवादीले जनयुद्ध सुरु गरेको वर्ष दिन नपुग्दै विद्वान् ऋषिकेश शाहले 'रोल्पाले दिएको सङ्केत' शीर्षकमा लेखेका छन् : 'मुलुकले संसदीय शासन पद्धतिलाई अस्वीकार गरेर परम्पराको छानोलाई भत्काएको प्रष्ट छ तर परम्परा भन्नेकुरा एकै झट्कामा मासिने कुरा होइन । नेपालको राजनीतिक व्यवस्थाले कस्तो स्वरूप लिने छ त्यो हेर्न बाँकी नै छ ।' भूमिगत हुनुभन्दा अगाडि डा. भट्टराईसँग राम्रो बौद्धिक सतसङ्गमा रहेका शाह भर्खरै थालिएको जनयुद्धले विस्तारै राजनीतिक परिवर्तन ल्याउँछ भन्नेकुरामा विश्वस्त हुनुहुन्थ्यो । जनयुद्धपछि राज्यको स्वरूप पक्कै फेरिन्छ र तत्कालीन सत्ताधारीहरू बाहिरिने छन् भन्नेमा उहाँ प्रष्ट हुनुहुन्थ्यो ।

आन्तरिक राजनीतिमा कुटनीतिक खेलाडीका रूपमा चिनिने रमेशनाथ पाण्डे दरबारनिकट मानिन्छन् । राजाका कृपाले उहाँ लामो समय राष्ट्रियसभा सदस्य तथा विभिन्न बेलामा मन्त्री पनि बन्नुभयो । माओवादी जनयुद्धले देशभर घनिभूत तरङ्ग उत्पन्न गरिसकेको र प्रहरीशक्ति प्रतिरक्षात्मक अवस्थामा पुगेको बेला उनको प्रतिक्रिया थियो : 'माओवादी समस्या राष्ट्रिय सुरक्षा व्यवस्थाको फराकिलो फाँटको एउटा मुद्दा मात्रै हो । .... यथार्थमा २०५२ साल माघको अन्तिम हप्ता बाबुराम भट्टराईको नेतृत्वमा पेस गरिएको ४० सूत्रीय मागप्रति बेवास्ता गरेदेखि माओवादी समस्याप्रति सरकारमा बसेकाहरूको व्यवहार अनुत्तरदायी, सतही र वैचारिक रूपमा चकचके रहेको छ ।' पाण्डेले २०४६ सालपछिका राजनीतिक शक्तिहरूको असफलताको कारणले जनयुद्ध सुरु भएको निष्कर्ष दिँदै यो राष्ट्रिय सुरक्षाको मामिला नभएकाले सेना परिचालन गर्न नहुने तर्क अगाडि सारेका थिए । जसबाट जनयुद्ध दरबारको मातहतमा थालिएको होइन भन्ने पञ्चहरूको विश्वास थियो भनेर

अनुमान लगाउन सकिन्छ ।

'पञ्चायतकालमा अभिजात्य वर्ग एउटा सानो समूहको रूपमा मात्र थियो । वि.सं. २०४६/४७ देखि २०५६/५७ सम्ममा त्यो वर्गको घेरा फराकिलो भयो । त्यसमा काङ्ग्रेस र एमालेका नेताहरू थपिए । माले र अरूहरू थपिए तर त्यो वर्गले आमनेपाली जनताको हितका लागि काम गर्नसकेन । आफ्नै हितका लागिमात्र काम गऱ्यो । त्यसैले आजको नेपाली समाजको मुख्य विरोधाभाष त्यो अभिजात्य वर्ग र नेपाली जनताबीचको हो ।' प्रकाशचन्द्र लोहनीले यो टिप्पणीमा बहुदलको यात्रा सुरु भएपछि खडा भएको अन्तरद्वन्द्वका रूपमा जनयुद्धको चित्रण गर्नु भएको छ ।

राजाका सल्लाहकारहरू, सेनाका धेरै रिटायर्ड जनरलहरू, भूतपूर्व सैनिक कमान्डरहरूले वि.सं. २०५२ फागुनदेखि सुरु भएको जनयुद्धका बारेमा धेरै कुराहरू बोलेका छन् । सम्भवतः वि.सं. २०५८ सम्म उनीहरूको भित्री ठहर थियो, जनयुद्ध बहुदलीय व्यवस्थाको विरुद्ध केन्द्रित रहेकाले त्यसबाट राजतन्त्रलाई कुनै नोक्सान छैन ।

त्यसैगरी पर्याप्त मात्रामा हातहतियार तथा गोलाबारुदको व्यवस्था नहुञ्जेल जनयुद्ध गरिरहेका माओवादीहरू सम्पूर्ण सुरक्षा फौजसँग लड्न सम्भव थिएन । त्यसैले उनीहरू सेनामाथि पकड रहेको दरबार र दरबारिया शक्तिलाई थुम्थुम्याउन चाहन्थे । त्यसका लागि उनीहरूले आफूले चिनेजानेका, पुराना पञ्चहरू, राजाका विश्वासपात्र व्यक्तिहरूमार्फत् दरबारलाई भ्रम दिइरहनुपर्थ्यो र बहुदलीय व्यवस्थामा आधारित सरकार र दरबारबीच असमझदारी खडा गरिरहनुपर्थ्यो ।

त्यस अभियानको अन्तिम कडीका रूपमा राजाका भाइ धीरेन्द्र शाह र माओवादी नेतृत्वबीच अनेक चरणमा वार्ता भएको कुरा पनि बाहिर

आयो तर वार्ता केका लागि भएको थियो भन्नेकुरा चाहिँ कहिल्यै बाहिर ल्याइएन । जब राजा वीरेन्द्रको वंश नाश भयो, त्यसपछि झन् माओवादीहरू आफैंले धीरेन्द्रमार्फत् राजा वीरेन्द्र र आफूहरूबीच कार्यगत् एकता भएको कुरा सार्वजनिक गरे । त्यसैगरी माओवादीहरूले संसदीय दलहरू, राजा र दरबारिया शक्तिहरूबीच उदारवादी र अनुदारवादीका नाममा, काङ्ग्रेसभित्र देउवा र गिरिजाबीच, एमालेभित्र माधव नेपाल, खड्ग ओली र बामदेव गौतमबीच उम्रिएका अन्तर-द्वन्द्वहरूमा खेल्ने राम्रो अवसर प्राप्त गरे ।

डोल्पा जिल्लाको सदरमुकाम दुनैमा आक्रमण गरेपछि माओवादी जनयुद्धले नयाँ फड्को मार्‍यो । सदरमुकाममा रहेको शाही सेना मुकदर्शक बनेर आक्रमणलाई हेरेर बस्यो । यो घटनाबाट सेनाले आफूलाई एक स्वतन्त्र निकायझैं प्रस्तुत गरेर सरकार र माओवादीसँग असंलग्न रहेको अप्रत्यक्ष जानकारी दिएपछि दरबार र सरकारबीचको सम्बन्धको तीतोपन उजागर हुनपुग्यो । तर पनि काङ्ग्रेसी सरकारले सेनालाई महत्व दिई उसको विश्वास आर्जन गर्ने कार्यका लागि 'एकीकृत सुरक्षा तथा विकास योजना' कार्यक्रम पनि ल्यायो । तत्कालीन रक्षामन्त्री महेश आचार्यका अनुसार 'सरकारले यस कार्यक्रमअन्तर्गत सुरक्षा निकायहरूको प्रभावकारी परिचालन, सेवा र सुविधा पुर्‍याउनु पर्ने दायित्व र जनताले सहजरूपमा सुविधा पाउनु पर्ने कुरालाई अगाडि बढाएको छ ।' तर यो योजनाको मुख्य लक्ष्य सेनालाई खुसी पारेर माओवादी विरुद्ध परिचालन गर्नु नै थियो । तर सेना त्यस बेलासम्म परिचालन हुँदैनथ्यो जबसम्म राजा राज्यको सम्पूर्ण बागडोर आफ्नो हातमा आउँछ भन्ने निर्क्योलमा पुग्दैनथे । सेना राजाका हातमा छ, उनी त्यो शक्तिलाई तत्काल माओवादी विरुद्ध परिचालन गर्न चाहँदैनन् र प्रहरी माओवादी विद्रोह नियन्त्रणका लागि समर्थ छैन भन्ने देखिएपछि

मात्रै प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले माओवादीसँग वार्ताको पहल गरिनुपर्छ भन्ने महसुस गर्न थाले ।

### *२.३. सम्झौतावार्ता र राजनीतिक खेलहरू*

माओवादीहरू युद्धविराम चाहन्थे । त्यसका लागि वार्ता अपरिहार्य थियो । पहिलो, उनीहरू आफूले पाँच वर्षसम्म सञ्चालन गरेको जनयुद्धले मानिसहरूमा कस्तो प्रभाव पारेको छ उन्मुक्त भएर हेर्न चाहन्थे । दोस्रो, सरकार कति गलेको छ त्यो हेर्न र बुझ्न चाहन्थे । तेस्रो, सैनिक गतिविधिले गतिरोध पुऱ्याएको युद्धको राजनीतिक औचित्यलाई पुष्टि गर्न आमजनताको बीचमा पुग्नुथियो । त्यसका लागि खुला वातावरण र समय चाहिन्थ्यो । यो सबै कामको लागि सत्तामा हलुका हात भएको दरबारपरस्त व्यक्ति सिंहदरबारमा आवश्यक थियो । त्यसैले गिरिजाप्रसाद कोइरालाको ठाउँमा शेरबहादुर देउवा माओवादीका लागि उपयुक्त हुन्थे । होलेरी घटनाले उक्त अवसर प्रदान गऱ्यो । उनीहरूका लागि वार्ता निष्कर्षमा पुग्ने एउटा प्रक्रिया नभएर खाली आफ्नो शक्ति एकत्रित गर्ने, हात हतियार जम्मा गर्ने एवम् जनतामा आफ्नो कुरा व्यापकरूपमा लैजाने अवसर थियो ।

माओवादी नेतृत्वको पहुँच सबै राजनीतिक नेतृत्वसँग समानान्तर रूपमा थियो । लामो समय माओवादी आयोगमा रहेका देउवासँग माओवादी नेतृत्वले खुलेर कुराकानी गरेका थिए । आफू प्रधानमन्त्री हुनासाथ जनयुद्ध सकिन्छ भन्नेकुरामा उनी हुनसम्म ज्यादा विश्वस्त थिए । गिरिजाप्रसादपछि प्रधानमन्त्री हुन पुगेका देउवाले उनीहरूसँगको सल्लाह बमोजिम नै एकतर्फी युद्धविरामको घोषणा गरे । त्यसपछि माओवादीहरू पनि वार्तामा आए र तीन चरण कुराकानी भयो । तीन महिनापछि माओवादीहरू वार्ता तोडेर युद्धमा गए । उनीहरूको सुरुको गणतन्त्र र पछि संविधानसभाको माग देउवासरकारले पूरा गर्ने हैसियत

राख्दैनथ्यो भने वार्ताप्रक्रिया कुनै निश्चित उद्देश्यप्रति लक्षित थिएन । वार्ता हुनुअघि वार्तामा के गर्ने ? कुन पक्षको के जिम्मेवारी हुने ? कुन पक्षका अधिकतम र न्यूनतम सीमाहरू के हुने ? भन्नेबारे कुनै छलफलै भएन । माओवादीहरूलाई यो वार्ताबाट टुङ्गोमा पुगिन्छ भन्ने विश्वास थिएन र उनीहरू यसलाई आफ्नो शक्ति विस्तारका लागि प्रयोग गर्न चाहन्थे ।

तीन महिनासम्मको खुला गतिविधिले जनस्तरमा आफ्नो एजेन्डा लैजान र जनयुद्धको प्रचार गर्न माओवादीलाई राम्रो अवसर मिल्यो । सङ्गठनात्मक कामलाई चुस्त-दुरुस्त पार्ने समय मिल्यो । विशाल जनसभामार्फत् आफ्नो राजनीतिक औचित्य सावित गर्दै शक्तिसञ्चय गर्नपुगेको माओवादीले दाङमा पहिलो पटक शाही सेनामाथि आक्रमण गरी ठूलो मात्रामा हातहतियार लिन सफल भए । लगत्तै स्याङ्जा र सोलुखुम्बु सदरमुकाम आक्रमण गर्न पुगे । यी घटनाहरूले तीन महिनाको युद्धविराम उनीहरूको लागि शक्तिआर्जन गर्न कति महत्वको थियो भन्ने पुष्टी गर्‍यो ।

दाङको ब्यारेक आक्रमणपछि राजालाई सत्तामाथि सेनाको बलमा पकड राख्न एउटा महत्वपूर्ण खुड्किलो प्राप्त भयो भने माओवादीसँगको विरोधाभाष पनि सुरु भयो । सन् २००१ नोभेम्बर २६ का दिन राजाले प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रव्यापी सङ्कटकाल घोषणा गरी माओवादी विरुद्ध सेना परिचालन गरे । लामो समयदेखिको चाहना अनुरूप, संसद भङ्ग गरियो, स्थानीय निकायहरूको अवधि समाप्त भएपछि म्याद थपिएन । सुरक्षाको कारण देखाएर प्रधानमन्त्रीले निर्वाचन सार्न गरेको सिफारिससँगै राजाले राज्यको सम्पूर्ण कार्यकारी अधिकार आफ्नो हातमा लिए र जनताको सार्वभौमसत्ता पुनः आफूमा निहित रहेको सगर्व

घोषणा गरे । यस कार्यले राजा र माओवादी दुवैको चाहना आंशिक रूपमा पूरा भएको थियो ।

*दोस्रो वार्ता*

निर्वाचित प्रधानमन्त्रीलाई घोक्रेठ्याक लगाएर सत्ताको बागडोर आफ्नो हातमा आइपुगेको बेला संसदीय शक्तिलाई पाखा लगाइएको औचित्य पुष्टि गर्न तथा शाही हत्याकाण्डका कारण गुमेको साख पुनः प्राप्त गर्न नयाँ राजाका लागि माओवादीहरूलाई राजनीतिको मूलधारमा ल्याउन जरुरी थियो । दरबार नजिकका सल्लाहकारहरू तथा नवपूरातनवादीहरू माओवादी राजासँग सहकार्य गर्न तयार हुन्छन् भन्ने मानसिकतामा थिए । सन् २००३ जनवरी २९ मा युद्धविराम घोषणा भयो । २७ अप्रिल, ९ मइ तथा १७ र १८ अगस्ट २००३ गरी तीन चरणमा भएका वार्ता असफल हुनपुगे ।

युद्धविराम किन भयो वा गरियो भन्नेबारे जनचाहना अनुरूप भन्ने जस्ता अमूर्त कुराहरू बाहेक अरू कुरा बाहिर आएनन् । तर शक्तिसञ्चयका लागि पुनः माओवादीहरू बाहिर आउन जरुरी भैसकेको थियो । पहिलो चरण (सन् २००३) को वार्ता भङ्ग भएपछि उनीहरूको थाप्लामाथि भुण्डिएको 'आतङ्ककारी' को बिल्ला हटाउनु थियो । दोस्रो, अन्तर्राष्ट्रियरूपमा राजनीतिक वैचारिक शक्ति भएको पुष्टि गर्नुथियो । तेस्रो, माओवादी शान्तिपूर्ण राजनीतिक समाधानका लागि वार्ता गर्न चाहन्छन् भन्ने मान्यता प्राप्त गर्नु नेकपा माओवादीको भित्री चाहना हुनुपर्छ भन्ने सहज अनुमान लगाउन सकिन्छ । त्यसका अतिरिक्त दोस्रो सम्मेलन (वि.सं. २०५७ फागुन १४ मा सम्पन्न) द्वारा पारित मूल राजनीतिक कार्यक्रम दीर्घकालीन जनयुद्धलाई आम सशस्त्र विद्रोहसँग समायोजन गरी नेपाली क्रान्तिको नयाँ मोडेल स्थापित गर्ने उद्देश्यको कार्यान्वयन गर्ने बेला भयो कि भएन भनेर जाँच्नु पनि थियो ।

खुला राजनीतिक परिवेशमा आइसकेपछि माओवादीले राखेका तीन महत्वपूर्ण मागमध्ये संविधानसभाको बारेमा आमजनमानसमा खुब चर्चा भयो । विस्तारै जनमत संविधानसभाको पक्षमा बढ्दै गयो । राजनीतिक दलका कार्यकर्ताहरू पनि संविधानसभामार्फत् राजनीतिक छिनोफानो गरिनु पर्ने कुरामा पुग्दै गरेकाले, माओवादीलाई सर्तसहितको संविधानसभा स्वीकार गरेर राजनीतिको मूलधारमा आउनु सम्भव भएन । त्यो कुरा आचारसंहिता निर्माण, युद्धरत् कार्यकर्ताहरूको रिहाइमा ढिलासुस्ती, सैनिक ब्यारेकको पाँच किलोमिटरभित्र मात्र सेना चहलपहल गर्न पाउने जस्ता कुराहरूले वार्ता भाँडिने लगभग निश्चित भैसकेको थियो । निरन्तर सेना परिचालन, हातहतियार खरिद, युद्ध सामग्री र सैन्य सहायताको कुराले सत्ताधारीहरू शान्ति होइन, युद्धको विस्तार चाहन्थे भन्नेकुरा प्रष्ट थियो । शाही सेनाले गरेको दोरम्बा लगायतका हत्या काण्डहरूले माओवादीलाई युद्धविराम भङ्ग गर्न उक्सायो । प्रजातान्त्रिक सरकारसँग राजनीतिक कुरा नमिलेको माओवादीले सक्रिय राजतन्त्रात्मक व्यवस्थासँग सुलह हुन गाह्रो थियो ।

### *२.४. माओवादीका एजेन्डा र राज्यको धारणा*

माओवादी आखिर कस्तो शक्ति हो भन्ने भ्रम उत्पन्न गराइरहन माओवादीलाई आफ्नो शक्ति विस्तारको लागि आवश्यक थियो । शक्तिआर्जनका निम्ति उनीहरूलाई पर्याप्त समय चाहिन्थ्यो र स्रोतसाधन माथिको पहुँचको विस्तार पनि । माओवादीलाई हेर्ने भ्रमपूर्ण दृष्टिकोणले गर्दा दलहरू आफैंभित्र, विभिन्न दलहरूबीच, संसदवादी राजनीतिक शक्ति तथा सक्रिय हुने चाहना राख्ने राजाकाबीच सधैं अन्तर्द्वन्द्व बढिरह्यो । अन्तर्द्वन्द्वको भुँवरीमा मुख्य राजनीतिक शक्तिहरू रुमल्लिइरहेपछि माओवादीहरू ठूलो राजनीतिक शक्तिका रूपमा स्थापित हुनपुगे ।

दलभित्रको वैकल्पिक शक्तिलाई परास्त गर्न एक दलले अर्को दललाई

सत्ताबाट सधैं बाहिर राख्न र बहुदलीय व्यवस्थालाई किनारा लगाएर प्रत्यक्ष शासन गर्ने चाहना पूरा गर्न राजनीतिक शक्तिहरूले माओवादीलाई प्रयोग गर्न खोजे । तर बितेका झण्डै नौ वर्षभरि ती शक्तिहरू आफैं माओवादीहरूद्वारा उपयोग भैरहे ।

सफल वार्ता गराउन र सहमतिमा पुग्न सम्बन्धित शक्तिका बारेमा जरैदेखि तिनको फैलावटको घेरा, माग र गन्तव्यका बारेमा जानकारी राख्न जरुरी हुन्छ । तर नेपालका राजनीतिक शक्तिहरूले त्यस्ता पक्षहरू कहिल्यै पनि गम्भीरतापूर्वक हेरेनन् । सुरुमा उनीहरूले माओवादीलाई राजनीतिक शक्ति नै ठानेनन् । पछिपछि एकले अर्काको विरुद्ध प्रयोग गर्न उचित ठाने । माओवादी प्रभावशाली र अभेद्य शक्ति बन्दै गएपछि मात्र वार्ता र सहमति खोज्न थालियो ।

माओवादीसँग राज्यका के कस्ता शक्तिहरू संलग्न भएका छन् ? क्षेत्रीय, जातीय, धार्मिक भाषिक, लैङ्गिक हिसाबले उसका मागहरू के हुन् ? तिनलाई कसरी राज्यको संरचनाभित्र पार्न सकिन्छ ? माओवादीहरू कस्तो राजनीतिक अभीष्ट पूरा गर्न हिंडिरहेका हुन् ? वर्तमान संविधान र राजकीय संरचनाभित्र तिनीहरू अटाउन सक्छन् कि सक्दैनन् ? माओवादीले खोजेको शक्तिसन्तुलन कस्तो हो ? उनीहरू राजनीतिकरूपले कोसँग नजिक र कोसँग टाढा छन् वा हुनसक्छन् ? माओवादीको विगत र वर्तमानको वास्तविक शक्ति कति हो ? फेरबदल भैरहने समीकरणहरूमा उसको फैलावट वा सङ्कुचन कति रहन्छ ? बाह्यशक्तिको आड-भरोसा कति छ ? आर्थिक, सामाजिक, नैतिक तथा भौतिक सहयोग कसरी जुटाइरहेको छ र भविष्यमा कसरी जुटाउने सोचेको छ ? भू-राजनीतिक अवस्था उसको सैन्य गतिविधिका लागि उपयोगी छ या छैन ? विगतका वार्ताहरूमा राज्यपक्षले यी कुराहरूलाई

गम्भीरतापूर्वक लिएन । सतही राजनीतिक बहस र सत्ताको भागबण्डामा चित्त बुझाउन खोज्ने काम भयो ।

राजाका तर्फबाट सूर्यबहादुर थापाको मन्त्रीमण्डलले १७-१८ अगस्टमा दाङमा प्रस्तुत गरेको वैकल्पिक मार्गलाई माओवादीले स्वीकारेनन् किनकि त्यो रोडम्याप उनीहरूले आजसम्म प्रस्तुत गरेको मूल मागहरूभन्दा सर्वथा भिन्न थियो । माओवादीहरूको मागको चुरोमा राजाको सेनामाथिको पकडलाई अन्त गर्नुपर्ने भन्ने थियो । त्यो राजा तथा सेनालाई मान्य थिएन भने अन्तर्राष्ट्रिय शक्तिहरू पनि त्यसबाट माओवादीहरूले सैनिक पकड जमाउन सक्छन् भन्ने कुरामा सतर्क थिए ।

## ३. भविष्यका सम्भावित बाटाहरू

प्रष्ट छ, नेकपा (माओवादी) को जनयुद्ध राज्यको आधारभूत संरचनागत फेरबदलको मुद्दाहरूको जगमा उभिएको छ । सामान्यरूपमा राज्य वर्तमान व्यवस्थामा गरिने सत्ता फेरबदलसँग मात्र गाँसिएको विषय नै होइन । त्यसमा पनि राजाको सेनामाथिको नियन्त्रण मुख्य सवालको रूपमा रहेको छ । त्यसैगरी माओवादीहरूको अन्तिम लक्ष्य जनवादी गणतन्त्र नै भएको कुरा उनीहरूले बारम्बार भन्दै आएका छन् ।

छिमेकी भारत, शक्तिशाली राष्ट्र अमेरिका, पुरानो मित्र बेलायत, सहयोगी युरोपेली राष्ट्रहरू सबै एकस्वरले शान्तिव्यवस्थापन र वार्ताद्वारा समस्या समाधानका कुराहरू गरिरहेका छन् । अमेरिका र बेलायत तथा भारत, राजा र संसदीय दलहरूबीच समझदारी कायम भए माओवादीलाई एक्ल्याउने निष्कर्ष निकालिरहेका छन् र माओवादीलाई ठीक पार्न हातहतियार र युद्ध सामाग्रीको भारी दिइरहेका छन् ।

विगतमा सामान्य आर्थिक, सामाजिक रूपान्तरण गर्न तयार भएको भए पनि माओवादी विद्रोहको व्यवस्थापन सम्भव हुनसक्थ्यो । त्यसैगरी सुरुमै राजकीय पक्ष एकीकृत भएर दमनमा ओर्लिएको भए केही समयसम्म त्यसलाई रोक्न सम्भव हुनसक्थ्यो । तर अब यसले सम्पूर्ण राज्य संरचनामा नै फेरबदल ल्याउने ठाउँसम्म जरा गाडिसकेको छ । अब सम्झौताबाट समाधानमा जाने हो भने विद्रोहीलाई पनि समेट्न सक्ने समझदारीको आधारमा मात्रै सम्भव छ ।

२०४६ सालमा पनि एउटा निश्चित समझदारी भएपछि नै नयाँ व्यवस्थाको लागि सम्झौता भएको थियो । त्यसबेला त्यो सम्झौतालाई वास्तवमै परिवर्तनतर्फ उन्मुख गराउन जनताले थुप्रै सङ्घर्ष गर्नु परेको थियो भने आफूखुसी वा बाध्यतावस जे भएपनि राजाले आफू धेरै दिन तयार भएका थिए । त्यसैगरी दलहरू राजाको वैधानिक अस्तित्व मान्न तयार थिए । अहिलेको सम्झौता प्रक्रियाको जटिलता त्यही समझदारीको अभाव हो । यदि वार्ताबाटै समाधान खोज्ने हो भने न्यूनतम समझदारी त बन्नै पर्दछ । राजाले पकड जमाएको राज्यपक्ष आफूले इमान्दाररूपले केही दिन तयार भएको छैन भने माओवादीले पनि वार्तालाई कूटनीतिक अवसरको रूपमा मात्रै उपयोग गर्न चाहेको देखिन्छ ।

सम्झौतावार्ताका विभिन्न प्राविधिक पक्षहरू छन् । ती कुराहरू संसारका अन्य ठाउँहरूका सम्झौताप्रक्रियाहरूको अध्ययनबाट थाहा पाउन सकिन्छ । अहिले नेपालमा त्यसबारे निकै चर्चा भएको छ भने सम्बन्धित पक्षहरूलाई विभिन्न खाले तालिम, अध्ययन भ्रमण आदिको आयोजना गरिँदै आइएको छ । तर सम्बन्धित पक्षहरूमा वार्ताबाट समाधान खोज्न सकिन्छ भन्ने इमान्दारिता प्रष्ट नभइन्जेल प्राविधिक कुराहरू तपसिलका कुरा हुनजान्छन् । विगतका दुई वार्ताहरूले प्रष्ट पारेका

छन् : एउटा निश्चित विन्दुमा इमान्दार भएर हुने समझदारी नगरी गरिने वार्ता अन्ततः असफल हुन्छ । अहिलेको अवस्था हेर्दा त्यो नै सबभन्दा कठिन र चुनौतीपूर्ण पक्ष हो ।

## (Endnotes)

१. संयुक्त वाममोर्चामा नेकपा माले, नेकपा मार्क्सवादी, नेकपा चौथो महाधिवेशन, नेपाल मजदुर किसान पार्टी, नेकपा (वर्मा समूह), नेकपा (मानन्धर समूह) र नेकपा (अमात्य समूह) थिए ।

२. संयुक्त राष्ट्रिय जनआन्दोलन संयोजन समितिमा नेकपा मशाल, नेकपा मसाल, नेकपा मालेमा र सर्वहारावादी श्रमिक सङ्गठन थिए ।

३. लिखित होइन, परोक्ष रूपमा ।

४. राजा वीरेन्द्रले वार्ताको सुरुमा दलका नेताहरूलाई सम्बोधन गर्दै पार्टीहरू माथिको प्रतिबन्ध फुकुवा हुने र बहुदलीय व्यवस्थाको पुनस्थापना हुने बताएका थिए । अन्य मागहरूका बारेमा पछि कुरागर्दै जाने र आन्दोलनमा मारिएका तथा घाइतेहरूको सम्बन्धमा छानबिनका लागि आयोग गठन गर्ने आश्वासन सहित राजाबाट तत्कालीन चन्द मन्त्रीपरिषद्मा बसेर सहयोग गर्न भनियो । तर साहना प्रधानले चन्द मन्त्री परिषदलाई सहयोग गर्न सकिदैन भन्दै जनताको नयाँ सरकारको चाहना भएको बताउनु भएको थियो । उक्त वार्तामा वाममोर्चाका तर्फबाट साहना प्रधान र राधाकृष्ण मैनाली तथा काङ्ग्रेसबाट कृष्णप्रसाद भट्टराई र गिरिजाप्रसाद कोइराला संलग्न थिए । वार्तालापका बेला तत्कालीन मन्त्रीहरू पनि उपस्थित थिए ।

५. आठ सूत्रीय मागहरू निम्न थिए :

(१) राष्ट्रिय पञ्चायत तथा चन्द मन्त्रीपरिषद्को खारेजी (२) वर्तमान परिवेशमा बहुदलीय व्यवस्थाका विरुद्ध लक्षित संविधानका सम्पूर्ण धाराहरूको खारेजी (३) गाउँदेखि जिल्ला तहका सम्पूर्ण सम्पत्तिको राष्ट्रियकरण (५) सबै राजनीतिक बन्दीहरूको रिहाई (६) सहिदहरूको सम्मान तथा सहिद परिवारहरूलाई आर्थिक सहयोग (७) नेपाली काङ्ग्रेस तथा संयुक्त वाममोर्चाका तर्फबाट उचित प्रतिनिधित्व हुनेगरी संविधान सुझाव आयोगको गठन र (८) आन्दोलन दबाउन गरिएको कारबाहीको छानबिनका लागि निष्पक्ष आयोगको गठन तथा अपराधीहरू माथि कारबाही थिए ।